सिरीजङ्घा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(सामान्य प्रशासन शाखा)

तेल्लोक, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

पत्रसंख्या ०८२/०८३
चलानी नम्बर : 2209

मिति : २०८३।०२।२०

श्री सबै वडा समिति/सबै विषयगत शाखा,
सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ ।

विषय: <u>आगामी आर्थिक वर्ष २०८३।०८४ को बार्षिक बजेटको सिलिङ र मार्गदर्शन उपलव्ध गराइएको</u> ।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ मा व्यवस्था भए बमोजिमको यस गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०८३।०१।१५ गते बसेको बैठकले सिरीजङ्घा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि कायम गरेको कूल आय र व्यय अनुमान सहितको विषयक्षेत्रगत बजेट सिलिङ (नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समपुरक र विषेश अनुदान बाहेक) र मार्गदर्शनलाई मिति २०८३।०२।०१ गते बसेको गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गरी सकेको छ । सो बमोजिम आगामी आर्थिक बर्ष २०८३।०८४ का लागि निर्धारित बजेट सिलिङ (नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समपुरक र विषेश अनुदान बाहेक) भित्र रही मार्गदर्शर्न एबम् कार्यतालिका बमोजिमको कार्य सम्पन्न गर्ने/ गराउने व्यवस्था मिलाउन हुन अनुरोध छ ।

पुनश्च: कायम भएको कूल बजेट सिलिङ, सो बमोजिम बाँडफाँड गरिएको विषयक्षेत्रगत बजेट र मार्गदर्शन यसैसाथ संलग्न छ ।

०८३।२।२०

.....................
डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत

# मार्गदर्शनः

क. आर्थिक विकास तर्फ-

- "सिरीजङ्घाको सान, उद्यमशील किसान" नामक कार्यक्रम अन्तर्गत गाउँपालिकाका सबै वडामा स्थानीय हावापानी र भूगोल सुहाउँदो हुनेगरी "एक वडा एक बाली कार्यक्रम" कृषिजन्य उत्पादन अभिवृद्धि हुने किसिमका कार्यक्रम गाउँपालिका मार्फत सञ्चालन गर्ने।
- दीर्घकालमा गाउँपालिकाको आम्दानी अभिवृद्धि हुने खालका कार्यक्रम समावेश गर्ने।
- सिरीजङ्घा गाउँपालिका पर्यटकीय क्षेत्र भएको हुँदा कन्चनजङ्घा संरक्षण क्षेत्र र अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने।
- सहकारीको नियमन, अनुगमन तथा प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरु समावेश गर्ने ।
- "सीप सिकौं, रोजगार बनौं" अभियान कार्यान्वयनलाई निरन्तरता दिने गरी कार्यक्रम तर्जुमा गर्ने।
- "गाउँमै रोजगार, गर्वको आधार" नामक कार्यक्रमलाई निरन्तरता दिने गरी कार्यक्रम तर्जुमा गर्ने । (यस शिर्षक अन्तर्गत वडा कार्यालयले गाउँमै रोजगार, गर्वको आधार कार्य्रकम सञ्चालन कार्यविधी २०७८ बमोजिम समय मै सुचना जारी गरी उद्यमीको मागमा आधारित कार्यक्रम र उद्यमी छनौट गरी सम्झौताको लागि पठाउने व्यवस्था मिलाउनु पर्नेछ।)

ख. सामाजिक विकास तर्फ-

- गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र १२ अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई निःशुल्क अध्यापन गराउने, कक्षा १ देखी कक्षा ५ सम्म अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई स्कुल ब्याग र पोशाक निःशुल्क उपलब्ध गराउने, निःशुल्क छात्रवृत्तिमा उच्च शिक्षा अध्यापन गराउने लगायतका शिक्षासँग सम्बन्धित विगतमा अख्तियार गरिएका कार्यक्रमहरुलाई निरन्तरता दिने।
- सामाजिक समावेशीकरणमा टेवा पुर्याउने किसिमका कार्यक्रमहरु समावेश गर्ने।
- नागरिक उपचार सहायता कोषमा पर्याप्त रकम विनियोजन गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

- वडा स्तरिय खेलकुद लगायत मेला पर्व एवं कार्यक्रमहरुलाई सहयोग प्रदान गर्नको लागी विगत वर्षहरुमा संचालन हुने खेलकुद,मेला जात्रा पर्व एवं कार्यक्रमहरुको स्पष्ट नाम तथा बजेट उल्लेख गरी बढिमा ५० बजार रुपैयामा नबढ्ने गरी निर्धारित ढाँचामा प्रस्ताव गरि पठाउनु पर्ने ।

ग. पुर्वाधार विकास तर्फ-

- वडा कार्यालयको सम्पन्न हुन बाकी रहेका प्रशासकीय भवन लगायतका अन्य वहुवर्षीय एवम् क्रमागत आयोजना सम्पन्न गर्नका लागि आवश्यक बजेटको सुनिश्चितता सहित कार्यक्रम तर्जुमा गर्ने।
- पुर्वाधार विकास तर्फ **सडक आयोजनाको हकमा रु ५ लाखभन्दा माथी र अन्य आयोजनाको हकमा रु. ३ लाखभन्दा माथिका** आयोजना मात्र सञ्चालनमा ल्याउने गरी कार्यक्रम तर्जुमा गर्ने।
- पूर्वाधार विकास तर्फ गाउँपालिकाको सम्वन्धित वडामा चालु अवस्थामा रहेका मुख्य सडक मार्गलाई महान चाड बडा दशैं एवं शुभ दिपावलीको समयमा कार्य सम्पन्न हुने गरी तथा विपदवाट क्षति भएका सडक तथा गोरेटोबाटो मर्मत सम्भार तथा स्तरउन्नतीका लागि रु. ५ लाख बराबरको **अध्यक्ष रोजगार कार्यक्रम अन्तरगत मर्मत संभार तथा स्तरउन्नती आयोजनाको** नाम तथा बजेट स्पष्ट रुपमा उल्लेख गरी निर्धारित ढाँचामा प्रस्ताव गरि पठाउनु पर्ने । यस शिर्षकमा विनियोजित रकमबाट अध्यक्ष रोजगार कार्यक्रम सञ्चालन कार्यविधी २०७७ बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । जस अन्तर्गत सडक मर्मत सम्भार तथा स्तरउन्नतीका लागि मेशिनको प्रयोग गर्न पाईने छैन ।
- वडा अन्तर्गत विपद् व्यवस्थापन हुने गरी भैपरी पुँजिगत तर्फ बढीमा रु ५ लाखसम्मको बजेट निर्धारित ढाँचामा प्रस्ताव गर्न सकिनेछ ।
- मर्मतसम्भार कोषको दिगोपनाका लागि उपयुक्त रकम विनियोजन गर्ने।
- नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायसँगको साझेदारीमा सञ्चालनमा गरिने आयोजनाको पहिचान गरी त्यस्ता आयोजनामा गाउँपालिकाको तर्फबाट व्योहोर्नुपर्ने साझेदारीको रकम यकीन गरी उपयुक्त रकम विनियोजन गर्ने।

घ. वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ-

- प्रकोप व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गर्ने गरी कार्यक्रम तर्जुमा गर्ने।

- मनसुन जन्य विपदहरु(बाढी पहिरो, आगोलागि, सुख्खा खडेरी) बाट हुने क्षतिलाई राहत र पुर्नस्थापना कार्यको लागि कार्यक्रम समावेश गरी रकम विनियोजन गर्ने ।

ङ. <u>सार्वजनिक सेवा तथा क्षमता विकास तर्फ-</u>

- नियमित सेवा प्रवाहका लागि गाउँ कार्यपालिकाको चालु खर्च शीर्षक तर्फ आवश्यक पर्ने रकम विनियोजन गर्ने।
- न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि हुने किसिमका कार्यक्रम तर्जुमा गर्ने।
- जनप्रतिनिधि र कर्मचारीको क्षमंता अभिवृद्धि हुने किसिमका कार्यक्रमहरु तर्जुमा गर्ने।
- गाउँपालिका तथा वडा कार्यालयको संस्थागत विकासको लागि आवश्यक बजेट विनियोजन गर्ने ।
- सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन तथा गुनासो सुनाई आदी संयन्त्रको विकास गर्ने ।

०८१।२।२०

प्रमुख प्रशासकीय अधिकृत

सिरीजङ्घा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(सामान्य प्रशासन शाखा)

तेल्लोक, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

## वडागत सिलिङ २०८३/०८४

देहाय

| सि. नं. | विषयक्षेत्रगत शीर्षक | गाउँपालिका तर्फ कायम गरिएको सिलिङ (रु.हजारमा) | ८ वटै वडा तर्फ कायम गरिएको वडागत सिलिङ (रु.मा) | | | | | | | | कुल कायम गरिएको सिलिङ रकम (रु.मा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | |
| १ | आर्थिक विकास तर्फ | | ३ लाख | ३ लाख | ३ लाख | ३ लाख | ३ लाख | ३ लाख | ३ लाख | ३ लाख | २४००००० |
| २ | सामाजिक विकास तर्फ | | ५० हजार | ५० हजार | ५० हजार | ५० हजार | ५० हजार | ५० हजार | ५० हजार | ५० हजार | ८००००० |
| ३ | पुर्वाधार विकास तर्फ | | २५।५० लाख | २५।५० लाख | २५।५० लाख | २५।५० लाख | २५।५० लाख | २५।५० लाख | २५।५० लाख | २५।५० लाख | २०४००००० |
| ४ | अध्यक्ष रोजगार कार्यक्रम पूर्वाधार तर्फ | | ५ लाख | ५ लाख | ५ लाख | ५ लाख | ५ लाख | ५ लाख | ५ लाख | ५ लाख | ४०००००० |
| जम्मा | | | ३४ लाख | ३४ लाख | ३४ लाख | ३४ लाख | ३४ लाख | ३४ लाख | ३४ लाख | ३४ लाख | २७२००००० |

८४।२।२०

प्रमुख प्रशासकीय अधिकृत